बुढीगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हातिमुडा, मोरङ ।
१ नं प्रदेश नेपाल


## प्रेस विज्ञप्ती

बुढीगंगा गाउँपालिकाले पिसिआर परिक्षणमा अनियमितता गरेको विषयमा गाउँपालिका अध्यक्ष,वडा नं.१ का वडाअध्यक्ष समेतको नाम संलग्न गरी मिति **२०७७ भदौं ६** गते शनिबार **हाम्रोमत अनलाइन र कोचिला खवर अनलाइन**मा प्रकाशित समाचार प्रति कार्यालयको गम्भिर ध्यानाकर्षन भएको छ ।

यस गाउँपालिका अर्न्तगत वडा नं.५ मा रहेको स्वस्तीक जुट मिलमा कार्यरत २ जना कर्मचारीहरुमा कोरोना भाइरस (COVID-19) पोजेटिभ देखिएको र थप २५ जनाको गाउँपालिकाबाट निशुल्क PCR TEST गर्दा रिपोर्ट नेगेटिभ आएको त्यसैगरी **आरती स्ट्रीप्स प्रा.लि.बुढीगंगा १** का २ जना कामदारमा पनि PCR TEST गर्दा रिपोर्ट पोजेटिभ आएको हुदाँ संक्रमण समुदायस्तरमा फैलन नदिन गाउँपालिका स्तरीय CCMC को बैठकबाट निर्णय भए अनुसार सम्पूर्ण उद्योगहरुलाई कामदारहरुको पिसिआर परिक्षण गराई विवरण गाउँपालिकामा पठाउन कार्यालयबाट पत्राचार गरिएकोमा केहि उद्योगबाट परिक्षण गरि रिपोर्ट गाउँपालिकामा प्राप्त भएको र गाउँपालिका स्तरीय CCMC को बैठकबाट निर्णय भए अनुसार आरती स्ट्रीप्स प्रा.लि.लाई सिल गरि थप परिक्षण गर्ने निर्णय भए अनुसार उद्योगबाट PPE,VTM,सोडियम हाइपोक्लोराइड लगायत सामाग्री उद्योगले नै व्यवस्थापन गरी गाउँपालिकाको स्वास्थ्य शाखाको समन्वयमा स्वाब संकलन गरी सरकारी प्रयोगशालाबाट ३०० जनाको निशुल्क परिक्षण गराईएका र बाँकी कामदारका हकमा उद्योगलेनै काठमाण्डौको प्रयोगशालाबाट शुल्क तिरेर परिक्षण गराएकोमा मजदुरहरुको पिसिआर परिक्षण बापत प्रतिव्यक्ति ५५००। को दरले वडा नं.१ का वडा अध्यक्ष मार्फत गाउँपालिका अध्यक्ष र वडाअध्यक्षको मिलेमतोमा रकम असुली भएको भन्ने आधारहिन समाचारबाट गाउँपालिका मर्माहित भएको छ । कोरोना भाइरसले सिर्जित गरेको हालको भयावह अवस्थामा आफ्नो स्वास्थ्य समेतको प्रवाह नगरि गाउँपालिका भित्रका जनता र उद्योग प्रतिष्ठानको हितमा अहोरात्र खटिने जनप्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारीहरुको मनोवल गिर्ने तथा मानमर्दन हुने र जनमानसमा भ्रम सृजना गर्ने यस्ता खालका समाचार सप्रेषण गरि चरित्र हत्या गर्ने गरी Online खवरबाट आएकोमा कार्यालय खेद प्रकट गर्दछ यस्ता कार्यबाट कोही कसैलाई फाईदा नहुने र संचार जगत प्रतिको जनताको विश्वसनीयता समेतमा ठेस पुग्ने व्यहोरा अवगत गराईन्छ ।

यस गाउँपालिकाबाट उद्योगपति तथा सरोकारवाला निकायसँग उद्योगका कामदारहरुको कोरोना परिक्षण गर्ने तथा निर्वाधरुपमा उद्योग प्रतिष्ठान संचालन गर्ने विषयमा समेत छलफल भएको र उक्त छलफलमा उद्योगले सामग्री व्यवस्थापन गरिदिने तथा गाउँपालिकाले प्रदेश जनस्वास्थ्य प्रयोगशाला र कोशि अन्चल अस्पतालसँग समन्वय गरि प्रतिधिनिमुलक रुपमा PCR TEST निशुल्क गराउने वा उद्योगवाट नै आफैले परिक्षण गराई विवरण गाउँपालिकामा पठाउने सहमति भएको परिपेक्षमा गाउँपालिका र उद्योगको सम्बन्ध समेत असहजता उत्पन्न हुने खालका कुनै पनि समाचार प्रकाशन गर्दा वास्तविकता बुझि सोहि आधारमा समाचार प्रकाशन गर्न समेत सरोकारवाला सबैलाई जानकारी गराईन्छ । साथै प्रकाशित समाचारमा कुनै सत्यता नरहेको भनी आरती स्ट्रीप्स प्रा.लि.का प्रवन्धक अशिवनी कुमारवाट खण्डन भएको व्यहोरा समेत सबैको जनकारीका लागि अनुरोध छ ।

.....................
बा[illegible]भी
अध्यक्ष
मिति :२०७७।०५।०७


email : buddhigangamun@gmail.com
website :www.budhigangamunmorang.gov.np

# प्रेस विज्ञप्ती ।

प्रस्तुत विषयमा मिति २०७७/०५/०६ गते शनिबारका दिन **हाम्रोमत अनलाइन र कोचिला खबर अनलाइन पत्रिकामा** पिसिआर परीक्षणमा बुढीगंगाको अनियमितता बिषयक समाचार अर्न्तगत आरती स्ट्रीप्स प्रा.लि.सँग मजदुरहरुको पिसिआर परिक्षण बापत प्रतिव्यक्ति ५५००। को दरले वडा नं.१ का वडा अध्यक्ष मार्फत गाउँपालिका अध्यक्ष र वडाअध्यक्षको मिलेमतोमा रकम असुली भएको भन्ने समाचार प्रति यस उद्योगको गम्भिर ध्यानाकर्षण भएको छ ।

उद्योगमा कामगर्ने २ जना मजदुरमा कोरोना भाईरस परिक्षणको रिपोर्टमा पोजेटिभ आएकोमा थप संक्रमण फैलन नदिन लगभग ३०० कामदारको उद्योगबाट PPE,VTM सोडियम हाइप्रोग्लोराइड लगायत आवश्यक सामाग्री उपलब्ध गराई गाउँपालिका मार्फत निशुल्क परिक्षण भएको र बाँकी कामदारका हकमा उद्योगलेनै काठमाण्डौको प्रयोगशालाबाट शुल्क तिरेर परिक्षण गराएको हुदाँ गाउँपालिकाबाट रकम असुल भएको समाचार भ्रामक र कपोकल्पित भएको व्यहोरा गाउँपालिकाका प्रतिनिधी तथा पत्रकार ज्यूहरु मार्फत सबैमा जानकारी उद्योगको तर्फबाट गराउन चाहन्छु । आधारहिन समाचारबाट गाउँपालिका अध्यक्ष ,वडा अध्यक्ष लगायत सम्पूर्ण गाउँपालिका परिवारको चरित्रहत्या गराउन खोजिएकोमा यस प्रा.लि.दुखि भएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

यस किसिमका झुटको खेति गरि कोहि कसैलाई फाइदा नहुने हुदाँ आधारहिन समाचार अव उप्रान्त सम्प्रेषण नगर्नु नगराउनु समेत सरोकारबाला सबैमा अनुरोध गर्दछु ।

Aarti Strips (P.) Ltd. ✱ Biratnagar ✱

अश्विनी कुमार
मेनेजर
आरती स्ट्रीप्स प्रा.लि. बुढीगंगा १
मिति :२०७७०५।०७